जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३० | अंक २१४ | २०७७ साल चैत १३ गते शुक्रबार (26 Mar. 2021 Friday) | मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्वन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : २४ घण्टामा १२० कोरोना ... ३ पृष्ठमा : 'बहिनी शिक्षाका लागि ... ३ पृष्ठमा : अमेरिकामा कोभिड-१९ ...


## होली पर्व घर भित्रै मनाउन जिल्ला प्रशासन कार्यालयको आग्रह

**दैनिक समाचारदाता**
**राजबिराज, १२ चैत ।**

कोरोनाको जोखिम बढ्न थालेपछि जिल्ला प्रशासन कार्यालय सप्तरीले स्वास्थ्य मापदण्ड अनिर्वाय पालना गर्न तथा होली पर्व घर भित्रै मनाउन आग्रह गरेको छ ।

कोरोना भाइरस संक्रमण पुनः दोहरिने सम्भावना उच्च रहेको भन्दै सावधानी अपनाउन तथा बजारमा भिडभाड नगरी घरमै सिमित भएर होली पर्व मनाउन एक सुचना मार्फत जिल्ला प्रशासन कार्यालय सप्तरीले सबै संग आग्रह गरेको हो ।

भारतमा केही दिन यता कोरोनाको दोस्रो लहर तिब्रगतिमा बढेको र नेपालमा समेत संक्रमण पुष्टी हुनेको संख्या बढ्दै गएकाले होली पर्व घरमै मनाउन तथा अन्य सावधानी अपनाउन सुचना मार्फत सबैमा अपिल गरिएको प्रमुख जिल्ला अधिकारी फणिन्द्र मणी पोखरेलले जानकारी दिएका छन् ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजबिराज, सप्तरी

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८१२
०३१-५२०१०५
फ्याक्स :०३१-५२०६२५

जिल्ला प्रशासन कार्यालय,सप्तरीद्वारा
जारी गरिएको सूचना
मिति २०७७।१२।११

मिति २०७७ १२।१० गते प्रमुख जिल्ला अधिकारी फणिन्द्र मणि पोखरेलको अध्यक्षतामा बसेको जिल्ला कोभिड संकट व्यवस्थापन समितिले तपशिल बमोजिम निर्णय भएको हुँदा सो कार्यान्वयन गरी कोभिड-१९ रोग नियन्त्रणमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

तपशिल:
१. भिड भाड हुने गरी सभा, सम्मेलन, जात्रा पर्व संचालन अर्को आदेश नभएसम्म नगर्नुहुन ।
२. अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कीनुहुन ।
३. बाहिर निस्किनुपरे समाजिक दुरी कायम राखी मास्क प्रयोग गर्नुहुन तथा साबुन, पानी सेनिटाइजरबाट हात धुने व्यवस्था मिलाउनुहुन ।
४. आउँदो फागु पर्व होली आ-आफ्ना घरमा सुरक्षित तरिकाले सभ्य रुपमा मनाउनुहुन, जबरजस्ती पानीको लोला हान्ने, हिलो छयाप्ने, जबरजस्ती रंग दल्ने कार्य नगर्न/ गराउनुहुन साथै मादक पदार्थ सेवन गरी अनावश्यक हो-हल्ला तथा झै-झगडा नगराउनुहुन सबैमा अनुरोध छ ।

उल्लेखित निर्णय बिपरीत काम गरेको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

संक्रमणको अवस्था बढेमा लकडाउन गर्नु पर्ने अवस्था आउन सक्ने भन्दै उनले होली मनाउदाँ भिडभाड र भेला नभई घर परिवारमा सिमित भई मनाउन सबैलाई आग्रह गरिएको बताए ।

यस्तै भिडभाड हुने गरी कुनै किसिमको मेला, महोत्सव, जात्रा, सांस्कृतिक कार्यक्रम लगायतको काम नगर्न गराउन पनि जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ ।

होलीमा लोला हान्ने, जबजस्ती रंग हाल्ने, मादक पर्दाथ सेवन गरी हो हल्ला गर्ने लगायतका बिकृत गतिबिधि नगर्न समेत सबैलाई सचेत गराइएको छ ।

कोरोनाको बढ्दो जोखिमलाई ध्यानमा राखी प्रमुख जिल्ला अधिकारी पोखरेलको अध्यक्षतामा बसेको कोभिड संकट व्यबस्थापन समितीको बैठकले गरेको सो निर्णय पालना नगर्नेलाई प्रचलित कानुन बमोजिम कार्वाही हुने समेत सुचना मार्फत जानकारी गराइएको छ ।

जिल्लामा हाल सम्म १ हजार ८ सय ३० जना कोरोना संक्रमित रहेकोमा ४१ जनाको ज्यान गएको छ भने १ हजार ७ सय ८९ जना निको भई घर फर्कि सकेका छन् ।

## बसको ठक्करबाट जसपा नेता भिमराज घाइते



**दैनिक समाचारदाता**
**राजबिराज, १२ चैत ।**

जनता समाजवादी पार्टी नेपालका नेता भिमराज यादव बिहीबार दुर्घटनामा परेका छन् ।

राजबिराज ९ मलेठ स्थित आफ्नो निवासबाट स्कुटी चढेर बजार तर्फ निस्केका बेला घर नजिकै ना.४ख. ७१८७ नम्बरको बसले ठक्कर दिदा उनी दुर्घटनाामा परि घाइते भएका हुन ।

दुर्घटनामा उनको हाथ, खुट्टा, छाती र कम्मरमा गहिरो चोट लागेको छ । घाइते ५० वर्षीय यादवलाई स्थानीय छिन्नमस्ता अस्पतालमा उपचारका लागि भर्ना गराइएको छ ।

दुर्घटना पश्चात् सडक आसपास हिडिरहेका पैदल यात्रु, स्थानीय वासी र अरु सबारी चालकले बसलाई घेरा हाली नियन्त्रणमा लिएका थिए ।

ठक्कर दिने बस र चालकलाई नियन्त्रणमा लिएर कार्वाही अघि बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## आगलागिमा पाँच लाख बढीको क्षति



**दैनिक समाचारदाता**
**राजबिराज, १२ चैत ।**

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. ३ स्थित भुसिमौलिया टोलमा बिहीबार आगलागि हुँदा तीन घर जलेर नष्ट भएको छ । आगलागिमा २ वटा पाठो, ५० तोला चाँदी, २ तोला सुन पनि जलेर नष्ट भएको छ ।

दिउँसो १ बजेतिर भएको उक्त आगलागिमा स्थानिय बिन्दुलाल साह, जिलेबिया पाल र रामपृत पालकाृ एक/एक वटा घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो आगलागिमा खाद्यान्न, लत्ताकपडा, सुन, चाँदी लगायतका सामानहरु जलेर नष्ट हुँदा पाँच लाख भन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ ।

लक्ष्मिपुर र कडोरवना सप्तरीबाट खटेको प्रहरी टोली तथा स्थानियवासी, दमकल, नेपाल प्रहरी र शशस्त्र प्रहरीको सहयोगमा आगोलाई पुर्ण रुपमा नियन्त्रण लिएको थियो ।

## बालिका बलात्कार गर्ने मुखिया १३ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजबिराज, १२ चैत ।**

बालिका बलात्कारको आरोपमा अदालतबाट कैद सजाय तोकिएका एक फरार प्रतिवादी १३ वर्षपछि पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ कोइलाडी बरसाईन बस्ने ३५ वर्षिय सेभु भन्ने श्याम मुखिया छन् ।



२०६४ साल असोज ९ गते गाउँकै एक १० वर्षिया बालिकाको बलात्कार गरेको आरोपमा उनीमाथी जरबजस्तीकरणी मुद्दा चलाइएको थियो । सो मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई २०७५ असार ५ गते १३ वर्ष कैद सजायको फैसला सुनाएको थियो ।

घटनापछि फरार भएका मुखिया गाउँ फर्केको र लुकिबसेको गोप्य सूचना आएपछि प्रहरी चौकी

*बाँकी दुई पृष्ठमा*



# थारु समुदायको माग सम्बोधन गर्न वार्ता टोली बनाउँछौं : गृहमन्त्री

काठमाडौं, १२ चैत (रासस) ।

गृहमन्त्री रामबहादुर थापाले थारु समुदायले राखेका माग सम्बन्धमा छलफल गर्न मन्त्रिपरिषद् बैठकले वार्ता टोली गठन गर्ने जानकारी दिनुभएको छ ।

माइतीघर मण्डलामा विभिन्न माग राखी आन्दोलनरत थारु कल्याणकारी सभा, थारुहट/थारुवान् संयुक्त संघर्ष समिति केन्द्रीय आन्दोलन परिचालन समितिको ज्ञापनपत्र बुझ्दै गृहमन्त्री थापाले टीकापुर घटनालगायत थारु समुदायले राखेका १९ बुँदे मागबारे सरकार गम्भीर रहेको बताउनुभयो ।

उक्त समस्याको छिटोभन्दा छिटो समस्या समाधान गरिने गृहमन्त्री थापाको भनाइ छ । उहाँले नेत्रविक्रम चन्द नेतृत्वको पार्टीसँग पनि वार्ताका माध्यमबाट समस्या समाधान गरिएको जनाउँदै थारु समुदायको माग पनि वार्ताबाटै टुङ्गोमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

टीकापुर घटनामा थारु कल्याणकारी सभाका अध्यक्ष धनीराम चौधरी, रेशम चौधरीलगायत माथि लगाइएको मुद्दा फिर्ता गरिनुपर्ने, थरुहट आन्दोलनका क्रममा मारिएकालाई शहीद घोषणा गर्नुपर्ने, लोकसेवा आयोगलगायत राज्यका विभिन्न निकायमा थारु समुदायका लागि छुट्टै आरक्षणको व्यवस्था गर्नुपर्नेसहितका माग राख्दै केही दिनदेखि आन्दोलन परिचालन समितिका सदस्य माइतीघर मण्डलामा धर्ना बसेका थिए ।

***बालिका ...***

बरसाइनबाट खटेको टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका मुखियालाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएपछि आदेशानुसार कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# २४ घण्टामा १२० कोरोना संक्रमित

काठमाडौं, १२ चैत (रासस) ।

पछिल्लो २४ घण्टामा १२० कोरोना संक्रमित भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार कूल दुई हजार ८९१ जनाको आरडिटी पिसिआर परीक्षण गर्दा उक्त संख्यामा कोरोना संक्रमित भएको पाइएको हो ।

मन्त्रालयका अनुसार काठमाडौँमा कूल ४१ नयाँ संक्रमित फेला परेका छन् । त्यस्तै भक्तपुरमा १९, कास्कीमा १९ नै संक्रमित फेला पर्दा, दाङमा छ, ललितपुरमा पाँच, मोरङ र रुपन्देहीमा चार/चार जना संक्रमित भएका छन् ।

सल्यान र डोटीमा तीन/तीन जना, तनहुँ, पाल्पामा दुई/दुई जना, खोटाङ, झापा, सुनसरी, पर्सा, चितवन, रामेछाप, सिन्धुपाल्चोक, गोरखा, म्याग्दी, बाँके, कञ्चनपुर र कैलालीमा एक/एक जना कोरोना संक्रमति फेला परेका छन् ।

प्रदेशगतरुपमा प्रदेश नं १ मा सात, प्रदेश नं २ मा एक, वाग्मतीमा ६८, गण्डकीमा २३, लुम्बिनीमा १३, कर्णालीमा तीन र सुदूरपश्चिममा पाँच संक्रमित फेला परेका छन् । हाल देशभरका क्वारेन्टाइनमा ५५ जना रहेका छन् ।

यसैबीच मन्त्रालयले भारत तथा बेलायत, जर्मनी, फ्रान्सलगायतका देशमा कोभिड-१९ को संक्रमण दर वृद्धि भएको र नेपालमा समेत यसको प्रभाव पर्नसक्ने भएकाले कोभिड-१९ संकट व्यवस्थापन केन्द्र निर्देशक समितिसमक्ष केही सुझाव दिएको छ ।

सिसिएमसीले तराईका जिल्लामा नेपाल र भारतबीच सीमानाकाबाट नेपाल प्रवेश गर्ने क्षेत्रमा निगरानी बढाउने र केन्द्रबाट अनुमगन गर्नुपर्ने सुझाव दिएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तरराष्ट्रिय आगमन तथा प्रस्थान कक्षमा निगरानी बढाई स्वास्थ्य परीक्षणमा थप सक्रियता बढाउने भएको छ ।

हाल सञ्चालनमा रहेका नेपाल र भारतबीचका सीमानाकालाई कोभिड- १९ को सङ्क्रमणको अवस्था हेरी पुनरावलोकन गर्ने र संक्रमण दर उच्च हुन पुगेमा नाका घटाउनेतर्फ गृह मन्त्रालयलाई आवश्यक गृहकार्य गर्न आग्रह गरिएको छ ।

यस्तै सङ्क्रमण देखिएमा छुट्टै सवारी साधनको प्रयोग गरी होम आइसोलेशनमा पुऱ्याउने व्यवस्था मिलाउन जिल्लास्थित डिसिसिएमसीलाई निर्देशन दिने तथा स्थानीय तहबाट होम आइसोलेशनको निगरानी बढाउने भएको छ ।

त्यस्तै पर्यटन क्षेत्रअन्तर्गत सञ्चालन हुने रात्रिकालीन कार्यक्रममा स्वास्थ्यमा मापदण्ड अनिवार्यरुपमा पालना गर्न लगाउने, राति ९:०० बजेपछि रात्रिकालीन कार्यक्रम बन्द गर्न लगाउने र यसको अनुगमन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्नुपर्नेछ ।

यसैगरी विद्यालयमा कोभिड- १९ को सङ्क्रमणबाट जोगिन स्वास्थ्यका मापदण्ड पालना भए नभएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत अनुमगन गर्न लगाउने स्वास्थ्य मन्त्रालयको सुझाव छ ।

# चितवन मेडिकल कलेजमा कलेजो प्रत्यारोपण शुरु

चितवन, १२ चैत (रासस) ।

चितवन मेडिकल कलेजले सफल कलेजो प्रत्यारोपण गरेको छ । कलेजले यही चैत ८ गते ५४ वर्षीया धनकुमारी लामाको कलेजो प्रत्यारोपण गरिएको जनाएको छ ।

एक वर्षदेखि काठमाडौँमा उपचार गराउँदै आउनुभएका भरतपुर महानगरपालिका-१० स्थायी घर भई हाल काठमाडौँ बस्दै आउनुभएका लामालाई उहाँकी छोरी उषा तामाङले कलेजो दान गर्नुभएको थियो । राजधानी बाहिर कलेजो प्रत्यारोपण सेवा सञ्चालनको अनुमति लिई पहिलो पटक सफल प्रत्यारोपण गरिएको अस्पतालका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

कलेजो प्रत्यारोपणमा विशेषज्ञ चिकित्सक सर्जन डा सञ्जय यादव, डा एकानन्द सिंह, डा प्रवीण जोशी, डा जयन्तकुमार साह, डा अभिषेक भट्टराई, एनेस्थेसियोलोजिष्ट डा किरण अधिकारी, डा सुरेश गौतम, डा नवीन यादवलगायतको समूहले सफल प्रत्यारोपण गरेको बताइएको छ । विगत वर्षदेखि कलेजो प्रत्यारोपणका लागि आन्तरिक तयारी गरिरहेको कलेजले आवश्यक सबै उपकरण, दक्ष प्राविधिक जनशक्ति र कलेजोसम्बन्धी विशेषज्ञका प्रयासबाट कलेजो प्रत्यारोपण गरेको उहाँको भनाइ छ । कलेजो प्रत्यारोपणका लागि चार सर्जन, तीन क्रिटिकल केयर, तीन एनेस्थेसियोलोजिष्ट र १० विशेषसहितको टोली अस्पतालमा छ ।

नेपालमा नै उपचार र शिक्षणमा अग्रणी मानिने कलेजका प्रबन्ध निर्देशक एवं अध्यक्ष प्रा डा हरिशचन्द्र न्यौपानेले सफल रूपमा कलेजो प्रत्यारोपण गर्नु कलेजको उपलब्धिका रूपमा लिइएको बताउनुभयो । भक्तपुरको मानव अङ्ग प्रत्यारोपण केन्द्र र काठमाडौँको शिक्षण अस्पतालमा कलेजो प्रत्यारोपण हुँदैआएको छ । यहाँ उपचारका लागि रु २५ लाख लाग्ने उहाँले जानकारी दिनुभयो । अहिले अस्पतालमा कलेजोको उपचारका लागि दैनिक १० देखि २० जना आउने गरेको र तीमध्ये २० प्रतिशत कलेजो प्रत्यारोपण गर्नुपर्ने बिरामी रहेको अस्पतालले जनाएको छ । अस्पतालले विसं २०७६ वैशाखमा कलेजो प्रत्यारोपणका लागि अनुमति लिएको थियो ।

# संक्रमण फैलिन नदिन सिरहामा सतर्कता, सीमा नाकामा हेल्थ डेस्क स्थापना

लहान, १२ चैत (रासस) ।

छिमेकी मुलुक भारतमा कोरोना सङ्क्रमणको दोस्रो लहर शुरु भएसँगै भारतसँग जोडिएको सिरहाको विभिन्न नाकामा

***बाँकी तीन पृष्ठमा***


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569





# 'बहिनी शिक्षाका लागि दिदी कार्यक्रम'

काठमाडौँ, १२ चैत (रासस)।

विद्यालयमा सीमान्तकृत समुदायका बालिकाहरूको पढाइ निरन्तरता र अन्य सहयोगका लागि विभिन्न प्रदेशका पाँच जिल्लाका पालिकामा सञ्चालित 'बहिनी शिक्षाका लागि दिदी कार्यक्रम' ले कक्षा छाड्नेदर घटाउन भूमिका खेलेको पाइएको छ। बालिकाको शिक्षा पाउने अधिकार प्रवर्द्धन गर्न र समुदायबाट लैङ्गिक हिंसाको असर घटाउन माथिल्लो र तल्लो कक्षाका छात्राबीचको बृहत् सञ्जाल बनाई सञ्चालित सो कार्यक्रमले शिक्षाको गुणस्तर वृद्धि र स्थानीय सरकारलाई विद्यालय सुशासनमा पनि सहयोग गरेको जनाइएको छ।

भिएसओ नेपालका सहयोगमा आसमान नेपालद्वारा आठ वर्षअघि सञ्चालित उक्त कार्यक्रमबारे वाग्मती प्रदेशको धादिङ, गण्डकी प्रदेशको लमजुङ, प्रदेश नं २ को पर्सा र कर्णाली प्रदेशको सुर्खेतमा बिहीबार शिक्षा पत्रकार समाजले आयोजना गरेको प्रदेशस्तरीय छलफलमा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र सरोकार पक्षले 'ठूली दिदी'ले 'सानी बहिनी'लाई पढाइ र घरायसी काममा समेत पूर्वाधार तथा अन्य पक्षमा सघाउने स्वयंसेवी कामले बालिकाको अधिकारको प्रवर्द्धनमा पनि टेवा पुगेको आसमान नेपालका कार्यक्रम व्यवस्थापक शेखर सापकोटाले बताउनुभयो।

सो परियोजना पर्साका ११, धादिङ र सुर्खेतका पाँचपाँच र लमजुङका ६ स्थानीय तहमा सञ्चालित छ। सोही कार्यक्रम मर्सीकोरका सहयोगमा बाँकेका तीन पालिकामा सञ्चालित छ। ती पालिकाका कूल ४९ विद्यालयमा गरी करीब एक हजार दुई सय बालबालिका परियोजनामा प्रत्यक्ष परिचालित थिए। परियोजनाले बाल संरक्षण तथा सुरक्षा, सामुदायिक स्वयंसेवी कार्यक्रममार्फत अभिभावकको सहभागिता आदि क्षेत्रमा सुधार गरेको छ। सो परियोजनाको अवधि यही चैत १८ गतेसम्म रहेको जनाइएको छ।

सीमान्तकृत समुदायका बालिकालाई विद्यालयमा टिकाउने, गुणस्तरीयरूपमा सिकाउने, भविष्यमा सक्षम जनशक्ति तयार गर्ने र माध्यमिक तहसम्म लैजाने लक्ष्य लिएर सञ्चालित कार्यक्रमको ९४ प्रतिशत सफलता रहेको आसमान नेपालका पर्सा जिल्ला संयोजक मुनीलाल बैठाले जनाउनुभयो। उहाँले दाइजो, बालविवाह जस्ता प्रथाको अन्त्य गराउन पनि परियोजनाले योगदान दिएको जनाउनुभयो।

प्रदेश नं २ का आर्थिक मामिला तथा योजना राज्यमन्त्री उषा यादवले यस्ता सकारात्मक परिवर्तन ल्याउने कार्यक्रमलाई साझेदारीका आधारमा स्थानीय तहबाट निरन्तरता दिनुपर्ने बताउनुभयो। कर्णाली प्रदेशसभा, सामाजिक विकास समितिका अध्यक्ष देव ओलीले बालिकालाई विद्यालयमा टिकाउन यस्ता कार्यक्रमलाई नीतिगतरुपमै निरन्तरता दिन आग्रह गर्नुभयो। वाग्मती प्रदेश, स्वास्थ्य, शिक्षा तथा कृषि संसदीय समितिका सभापति घनश्याम दाहालले सबै बालिकालाई सही शिक्षा दिनु सबैको कर्तव्य भएको बताउनुभयो। गण्डकी प्रदेश, शिक्षा विकास निर्देशनालयका निर्देशक तिलक सिलवालले स्थानीय तहलाई यस्ता कार्यक्रममा स्वामित्व दिन आग्रह गर्नुभयो।

भिएसओ नेपालका कार्यक्रम संयोजक प्रीति शर्माका अनुसार परियोजनाको सफलताले प्रदेश, स्थानीय तह, समुदाय र विद्यालयस्तरमा दिदीबहिनी शिक्षा सञ्जालसमेत गठन भइसकेकाले कार्यक्रमलाई ती निकायले समन्वय गरी निरन्तरता दिन सकिने छ।

## *संक्रमण फैलिन ...*

सतर्कता बढाइएको छ। भारतमा तीव्र गतिमा कोरोना सङ्क्रमण फैलिन थालेपछि त्यसको जोखिम सिरहामा पनि पर्न सक्ने भन्दै भारतसँग जोडिएको सिरहाको माडर, ठाडी, बरियारपट्टी, औरही र नवराजपुर नाकामा हेल्थ डेस्क स्थापना गरिएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ।

भारतीय बजारबाट बढी आवतजावत हुने ती स्थानमा पुनः हेल्थ डेस्क स्थापना गरी स्वास्थ्य सतर्कता बढाइएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिनुभयो। यसअघि गत वर्ष सोही स्थानहरूमा हेल्थ डेस्क स्थापना गरिएको थियो।

कोरोना सङ्क्रमणको उच्च जोखिममा रहेको सिरहामा सङ्क्रमण फैलिन नदिन सीमा नाकामा आवतजावत गर्नेहरूको नियमित स्वास्थ्य जाँचसँगै स्वास्थ्य सतर्कता अपनाउने विधिबारे सचेत बनाउन हेल्थ डेस्क राखिएको प्रमुख यादवले बताउनुभयो।

यस्तै जिल्ला प्रशासन कार्यालय सिरहाले आवश्यक स्वास्थ्य सुरक्षाको मापदण्ड पूरा गरी होली पर्व घरमै मनाउन आग्रह गरेको छ। प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणौंलले सूचना जारी गरी कोरोना सङ्क्रमण कायमै रहेको र हाल नयाँ स्वरूपमा देखा पर्न थालेकाले होलीलगायतका पर्व भिडभाड नगरी घरमै मनाउन आग्रह गर्नुभएको छ। कोरोना सङ्क्रमणका कारण सिरहामा १२ हजार ४५० जनाको स्वाब परीक्षण गरिएकोमा १० हजार ८०२ मा नेगेटिभ तथा एक हजार ६४८ जना पोजेटिभ आएको थियो। तीमध्ये २५ सङ्क्रमितको मृत्यु भएको थियो।


तिरहुत गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

गोईठी, सप्तरी

२ नं. प्रदेश, नेपाल

पत्र संख्या :२०७७/०७८

चलानी नं. :

मिति : २०७७१२।१३

**सूचना !** **सूचना !!** **सूचना !!!**

उपरोक्त सम्बन्धमा तिरहुत गाउँपालिका कार्यालयको मिति २०७७१२।१२ गतेको निर्णयानुसार आ.व. २०७७/०७८ को गाउँ सभाबाट स्वीकृत तपसिल बमोजिमको गा.पा. स्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गर्नु पर्ने भएकोले देहायको मिति, समय र स्थानमा उपस्थित भई उपभोक्ता समिति र अनुगमन समिति गठन गर्न सम्बन्धी सबै सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| क.स. | शिर्षक नं. | योजनाको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|---|
| १ | ३१११२ | निर्माणाधिन गा.पा. भवन निर्माण गर्ने कार्य | ३०००००० ।०० | २०७७१२।१९ | गा.पा. भवन, गोईठी,सप्तरी। | ०८:०० बजे विहान |
| २ | ३११६१ | निर्माणाधिन सभा हल निर्माण गर्ने कार्य | १००००००।०० | २०७७१२।१९ | गा.पा. भवन, गोईठी,सप्तरी। | ०९:०० बजे विहान |

..............................

**योजना शाखा**

..............................

**अशोक कुमार सिंह**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत


# विश्व समाचार

## अमेरिकामा कोभिड-१९का सङ्क्रमितको संख्या तीन करोड नाघ्यो

न्युयोर्क, १२ चैत (रासस/सिन्ह्वा)।

अमेरिकामा कोभिड-१९ का सङ्क्रमितको संख्या तीन करोड नाघेको बताइएको छ।

जोन हप्किन्स विश्वविद्यालयले बुधबार दिएको जानकारीअनुसार अहिले अमेरिकामा समग्र सङ्क्रमितको संख्या तीन करोड एक हजार २४५ जना पुगेको हो।

अमेरिकामा पछिल्लो एक सातामै कोरोना भाइरस (कोभिड-१९) का सङ्क्रमित निकै बढेका बताइएको छ। अमेरिकी समाचार संस्था सीएनएनकाअनुसार पछिल्लो एक सातामा अमेरिकामा कोरोना भाइरसका सङ्क्रमित निकै तीव्र गतिमा बढेका हुन्। गत सोमबारसम्म अमेरिकामा पाँच लाखभन्दा बढी मानिसको ज्यान कोभिड-१९ को कारण गएको थियो।

मृतकको संख्या पनि पछिल्ला केही समयमा तीव्र गतिमा बढेको बताइएको छ। अहिले अमेरिकमा मृतकको संख्या पाँच लाख ४५ हजार ५३ जना पुगेको बताइएको छ। अमेरिकामा पछिल्लो समयमा कोभिडको नयाँ प्रजातिको भाइरसको पनि प्रकोप देखिएको बताइएको छ। अमेरिकी राज्यमध्ये सबैभन्दा धेरै प्रभावित यहाँको क्यालिफोर्निया राज्यमा परेको छ।

उक्त राज्यमा ३६ लाख ४७ हजारभन्दा बढी व्यक्ति यो महामारीबाट सङ्क्रमित भएका बताइएको छ। त्यसपछि टेक्सासमा २७ लाख र फ्लोरिडामा २० लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। त्यसैगरी न्युयोर्कमा भने १८ लाखभन्दा बढी मानिस सङ्क्रमणको चपेटामा परेका छन्। यसरी संयुक्त राज्य अमेरिका विश्वकै सबैभन्दा बढी सङ्क्रमित र मृत्यु भएको सबैभन्दा बढी प्रभावित देशको सूचीमा परेको छ।

## अफगान सुरक्षाबलको कारबाहीमा परी बाह्र तालिबानी लडाकू मारिए

काबुल, १२ चैत (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिण प्रान्त कान्दाहारमा आतङ्ककारीविरुद्ध गरिएको सुरक्षा कारबाहीमा परी कम्तीमा १२ तालिबान लडाकू मारिएका छन्। यस कारबाहीको क्रममा अन्य पाँच तालिबान लडाकू घाइते भएका पनि सुरक्षा स्रोतले बिहीबार जानकारी दिएको छ।

तालिबान लडाकू लुकेर बसेको इलाकालक्षित सो कारबाही भएको थियो। कान्दाहार प्रान्तको आर्घान्दाब र मिवान्द जिल्ला तालिबान लडाकू लुकेर बसेको इलाकालक्षित भएको यस कारबाहीको क्रममा १२ लडाकू मारिनुको साथै अन्य पाँच घाइते भएका थिए।

यस कारबाहीको क्रममा सुरक्षाबलले आतङ्ककारी योजना गरेको एम्बुस, विस्फोटक पदार्थ ५५ थान बरामद गरेको बताइएको छ।

यस कारबाहीको क्रममा सर्वसाधारण नागरिक र सुरक्षा अधिकारी भने हताहत नभएका समाचारमा जनाइएको छ। तालिबान लडाकू समूहले भने यस कारबाहीको विषयको केही टिप्पणी गरेका छैनन्।

## भारतमा कोरोना भाइरसबाट एकै दिनमा ५३ हजार भन्दा बढी संक्रमित

नयाँदिल्ली, १२ चैत (रासस/सिन्ह्वा)।

भारतमा ५३ हजार ४७६ जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि कूल सङ्क्रमितको सङ्ख्या एक करोड १७ लाख ८७ हजार ५३४ पुगेको मन्त्रालयले जानकारी दिएको छ।

गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट २५१ जनाको मृत्यु भएपछि यहाँ कूल मृतकको सङ्ख्या एक लाख ६० हजार ६९२ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मंगलबार दिएको जानकारी दिएको छ।

सोही अवधीमा यहाँ कूल सङ्क्रमितमध्ये तीन लाख ९५ हजार १९२ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने कूल एक करोड १२ लाख ३१ हजार ६५० जना सङ्क्रमणमुक्त भएका छन्।

भारतमा जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म पाँच करोड ३० भन्दा बढीले खोप लगाइसकेका छन्।

त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। परिषद्का अनुसार सोमबारसम्म भारतमा २३ करोड ७५ लाख तीन हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। बुधबार एकै दिनमा १० लाख ६५ हजारभन्दा बढीको कोरोना परीक्षण गरिएको समाचारमा जनाइएको छ।

# बोदेबरसाईन र रुपनी राईडर्स विजयी



**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

राजविराजमा जारि मेयर कप सप्तरी प्रिमियर लिग अन्तर्गतको बिहीबार सम्पन्न खेलमा रुपनी राईडर्स र बोदेबरसाईन थन्डर्स बिजयी भएका छन् ।

स्थानिय राजरंगशालामा सम्पन्न पहिलो खेलमा रुपनी राईडर्सले टिभीएस किंग्स राजविराजलाई ६ विकेटले पराजित गरेको छ । टिभीएस किंग्सले दिएको १ सय ६२ रनको लक्ष्य रुपनीले १६.२ ओभरमा ४ विकेट गुमाएर पुरा गरेको छ ।

रुपनी राईडर्सको लागि कप्तान कुशल भुर्तेलले सर्वाधिक ५२, अमित यादवले ४५, लोकेश बमले अविजित ३५ रन र निरज मुखियाले २३ रन बनाएका थिए । टिभीएस किंग्सका लागि रोहित सिंह, दिनेश अधिकारी, सुरज कुर्मी र मेहबुब आलमले १/१ विकेट लिए ।

टस जितेर ब्याटिंग गरेको टिभीएस किंग्स राजविराजले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ६१ रन बनाएको थियो ।

टिभीएसका लागि सोनु अन्सारीले सर्वाधिक ४५, सुरज कुर्मीले २७ रन, मेहबुब आलमले २३, आसिफ शेखले १६ तथा रोबिन सिंह र सुदर्शन सिंहले १२/१२ रनको योगदान दिएका थिए । रुपनी राईडर्सका लोकेश बमले सर्वाधिक २ विकेट लिए । खेलको प्लेयर अफ द म्याच रुपनी राईडर्सका लोकेश बम घोषित भए ।

यस्तै दोश्रो खेलमा बोदेबरसाईन थन्डर्सले तिलाठी कोईलाडी जायन्टलाई १ सय १ रनले पराजित गरेको छ । तिलाठी कोईलाडी १४.४ ओभरमा सम्पूर्ण विकेट गुमाएर ८४ रन मै सीमित भएको थियो ।

तिलाठी कोईलाडीका लागि कप्तान दिपेन्द्र ऐरीले सर्वाधिक २७ रन, दिपेश कंडेलले १९ रन तथा चित्रबहादुर बिस्टले १२ रन बनाउनु बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । बोदेबरसाईनका लागि बिशाल सुशिलंगले सर्वाधिक ४ विकेट, सिद्धान्त लोहनीले ३ विकेट, बसन्त रेग्मीले २ विकेट तथा नारायण जोशीले १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग गरेको बोदे बर्साईन् थन्डर्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ८५ रन बनाएको थियो ।

बोदे बर्साईनका कप्तान सिद्धान्त लोहनिले अविजित १०० रन बनाए भने नारायण जोशीले १९, राहुल मण्डलले १७, योगेन्द्र सिंह कार्कीले १५ तथा बिशाल सुशिलंगले १४ रन योगदान दिएका थिए ।

बलिंङमा तिलाठीका आदील अन्सारी र चित्रबहादुर बिस्टले २/२ विकेट तथा राशिद खान र दिपेन्द्र सिंह ऐरीले १/१ विकेट लिएका थिए । खेलको प्लेयर अफ द म्याच सिद्धान्त लोहनी चुनिए ।

# बेपत्ता झा दम्पतीको कङ्काल भेटियो

जलेश्वर, १२ चैत (रासस) ।

गत फागुन १० गते राति घरमा सुतिरहेको अवस्थामा ओछ्यानसहित बेपत्ता भएका महोत्तरी जिल्लाको पिपरा गाउँपालिका-५ का ६५ वर्षीय मुसाफिर झा र ५८ वर्षीया गीतादेवी झा दम्पतीको बिहीबार अपराह्न कङ्काल फेला परेको छ ।

प्रदेश नं २ का प्रहरी नायब महानिरीक्षक धीरजप्रताप सिंहले छुट्टाछुट्टै दुईवटा प्लास्टिक बोरामा शरीरका सबै मासु गलिसकेको र कङ्काल मात्रै बाँकी रहेको अवस्थामा झा दम्पती शव फेला परेका जानकारी दिनुभयो । दुवै कङ्काल झा दम्पतीकै रहेको निजका छोरा मनिषकुमार झाले पहिचान गरेको प्रहरी नायब महानिरीक्षक सिंहले बताउनुभयो ।

मृतकका छोरा मनिषले बुवालाई उनले लगाएको कपडा र आमालाई उनले लगाएकी चुरा र पोतेको आधारमा पहिचान गरेको उहाँले जानकारी दिनुभयो । बिहीबार दिउँसो पिपरा-२ स्थित पिपरा-धिरापुर सडकखण्डमा गत वर्षको बाढीले २० फिट गहिरो हुने गरी माटो बगाई बनाएको खाल्डो पुर्ने क्रममा स्काभेटरले नयाँ-नयाँ पुरिएको माटो मिलाउन खोज्दा स्काभेटरको बकेटमा कङ्काल रहेको बोरा आएपछि झा दम्पतीको पत्ता लागेको हो ।

घटनास्थलमा प्रदेश नं २ को प्रहरी, जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय सहोडवाका टोली पुगी दुवै कङ्कालको उत्खनन गरी आवश्यक जाँचका लागि विधि विज्ञान प्रयोगशालामा पठाइएको जनाएको छ ।

झा दम्पतीको खोजतलासका लागि प्रहरीले जिल्लाको ४२ पोखरीमा खोजतलास गरिसकेको थियो भने चार दर्जन बढी व्यक्तिलाई सोधपुछ गरिसकेको थियो । त्यस्तै घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई सार्वजनिकसमेत गरिसकेको छ ।

# महसुल नतिर्ने ग्राहकको धारा बन्द

लहान, १२ चैत (रासस) ।

नेपाल खानेपानी संस्थान लहानले महसुल नतिर्ने ग्राहकको धारा बन्द गर्न शुरुआत गरेको छ । धाराको पानी उपभोग गर्ने तर महसुल नतिर्ने परिपाटी अन्त्य गर्न सो कार्य शुरु गरेको हो । संस्थानले ग्राहकबाट रु ७५ लाख ६८ हजार ९६९ बक्यौता रकम उठाउन बाँकी रहेको जनाएको छ । एउटै ग्राहकबाट रु एक लाखसम्म बक्यौता उठाउन बाँकी रहेको जनाइएको छ ।

बक्यौता धेरै बाँकी रहेकाले आपूर्ति बन्द गरेर बक्यौता असुल गर्ने योजना बनाइएको संस्थान लहानका प्रमुख शिरिष राजभण्डारीले जानकारी दिनुभयो । संस्थानका अनुसार केशव कोइराला, वीरेन्द्रप्रसाद यादव र जिवछ महतोबाट रु एक लाखभन्दा बढी बक्यौता उठाउन बाँकी छ । यस्तै पूर्व उपसभामुख चित्रलेखा यादवबाट रु ४० हजार, दामोदर उपाध्यायबाट रु ७० हजार, नेवकीबती चौधरीबाट रु ७५ हजार, परशुराम चौधरीबाट रु ४३ हजार, एकलाश कुमारी यादवबाट रु ५४ हजार, मोहनदास तत्माबाट रु ५७ हजार बक्यौता रहेको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै सडक विभाग लहानबाट रु ४२ हजार, लहानस्थित यान्त्रिक कार्यालयबाट रु १३ हजार र लहान नगरपालिकाबाट रु १३ हजार बक्यौता उठाउन बाँकी रहेको छ । पछिल्लो समय महसुल नबुझाउने प्रवृत्ति बढ्दै गएको जनाइएको छ ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहिं हुनुपर्छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np